आज मिति २०८० साल फागुन महिनाको २४ गते दिउँसो ८ बजे जिल्ला समन्वय समिति कालिकोटका प्रमुख श्री धनजित बहादुर शाहीको अध्यक्षतामा जिल्ला समन्वय समिति कालीकोटको चौथो जिल्ला सभाको बन्द सत्रको बैठक बसि तपसिलको उपस्थितिमा देहायबमोजिमका निर्णयहरू गरियो ।

तपसिल

१) श्री धनजित बहादुर शाही जि.स.स प्रमुख/सभाध्यक्ष
२) श्री मिना रावत विश्वकर्मा जि.स.स उपप्रमुख/सदस्य
३) श्री कमल बहादुर शाही खाँडाचक्र न.पा प्रमुख ,,
४) श्री खेम ब. सिंह महावै गा.पा अध्यक्ष ,,
५) श्री गोविन्द प्र. आचार्य शुभकालीका गा.पा अध्यक्ष ,,
६) श्री विष्णु ब. रोकाया पलाँता गा.पा अध्यक्ष ,,
७) श्री मोहन ब. के.सी सान्नीत्रिवेणी गा.पा अध्यक्ष ,,
८) श्री देवराज शाही पचालझरना गा.पा अध्यक्ष ,,
९) श्री नरेन्द्र विष्ट नरहरिनाथ गा.पा. अध्यक्ष ,,
१०) श्री दानसिंह बेगुवाल महावै उपाध्यक्ष ,,
११) श्री कमल कुमार शाही नरहरीनाथ गा.पा उपाध्यक्ष ,,
१२) श्री धन बहादुर धामी रास्कोट नगरपालिका प्रवक्ता का.वि.प्र
१३) श्री अजय ब. वम जि.स.स सदस्य ,,
१४) श्री धन ब. शाही ,, ,, ,,
१५) श्री वीर ब. रावत ,, ,, ,,
१६) श्री युना कु. रोकाया ,, ,, ,,
१७) श्री धनसरा विष्ट ,, ,, ,,
१८) श्री कालसरा कुमाल ,, ,, ,,
१९) श्री तिलक प्रसाद आचार्य – सदस्य सचिव
२०. श्री धन बहादुर महतारा (खरिदार) - खरिदार

पाँचौ जिल्ला सभा २०८० का निर्णयहरु

निर्णय नं १ मिति २०८० फाल्गुण २३ गते सञ्चालित पाँचौ जिल्ला सभाको उद्घाटन सत्रलाई सभ्य एवं भव्य रुपमा सञ्चालनका लागि पाल्नु हुने प्रमुख अतिथि कर्णाली प्रदेश प्रथम मुख्यमन्त्री, विशेष अतिथि प्रदेश सभा सदस्य श्री हिक्मत बहादुर विष्ट, संविधान सभाका सदस्य श्री तुलाराज विष्ट, विशेष अतिथि पूर्व मन्त्री कुर्मराज शाहीज्यू, पूर्व सभापति, अतिथि राजनीतिक दलका केन्द्रिय सदस्य एवं जिल्ला प्रतिनिधिज्यूहरु, जिल्ला सभाका सदस्यज्यूहरु, प्रमुख जिल्ला अधिकारी, सुरक्षा निकायका प्रमुख, पत्रकार, कार्यालयका प्रमुख, सभामा उपस्थित सम्पूर्ण जिल्ला स्थित सरोकारवाला निकायहरु एवं उपस्थित सम्पूर्ण महानुभावहरुलाई धन्यवाद दिने निर्णय गरियो ।

निर्णय नं २ कालीकोट जिल्लाको समग्र समृद्धिका लागि स्थानिय तहले मोडेल विकास गर्न एक पालिका एक विशिष्टिकृत योजना एवमं कार्यक्रमको विकास गरी उत्पादन र उत्पादक्त्व अभिवृद्धि गर्दै रोजगारीको अवसर सिर्जना गर्न र उद्मशिलतामा अभिवृद्धि गर्न तपसिल बमोजिमका पालिकाले तपसिलका ठोस योजना एवं उद्योगलाई मूर्त रुप दिने निर्णय गरियो ।

तपसिल

| सि.नं. | पालिकाको नाम | गर्नुपर्ने ठोस योजना एवं कार्यक्रम |
|---|---|---|
| १ | नरहरिनाथ गा.पा. | भैसिपालन दुध संकलन, दुग्धजन्य वस्तुको परिकार निर्माण र घ्यु प्रशोधन/अल्लो उद्योग |
| २ | सान्नी त्रिवेणी गा.पा. | बेसार र नेपाली कागज /काठ उद्योग |
| ३ | शुभकालिका गा.पा. | फलफूल तथा तरकारी जडिबुटि ओखर खेति/काइनेट उद्योगको व्यवस्थापन |
| ४ | महावै गा.पा.. | आलु मार्सी चामल र पत्थर उद्योग |
| ५ | पचालझरना गा.पा. | रैथाने बाली(सिमि फापर, खुर्सानी)/जडिबुटि चिया उद्योग |
| ६ | पलाता गा.पा. | महुरीपालन/ठेटुवा एवं ढाँका उद्योग |
| ७ | रास्कोट न.पा. | ओखर खेति/माटाको भाँडा उद्योग |
| ८ | तिलागुफा न.पा. | फलफूल/राडिपाखि उद्योग |
| ९ | खाँडाचक्र न.पा. | भेडा तथा बाख्रापालन/फर्निचर उद्योग |

निर्णय नं ३ कालीकोट जिल्लामा समग्र विकास गर्न भौतिक पूर्वाधार विकास गर्न आवश्यक छ । जसका लागि पालिकामा रहेका तपसिल बमोजिमका विशिष्ट योजनाहरु संघीय सरकार एवं प्रदेश सरकारसँग मागका लागि एकिकृत ढंगबाट आवश्यक पहल गर्ने निर्णय गरियो ।

१. नरहरिनाथ गा.पा.

क) लालीघाट देखि एयरपोर्ट सम्म सडक कालोपत्रे

ख) खुलालु देखि लालु रानीखेत सम्म सडक स्तरोन्नती

२. सान्नी त्रिवेणी गाउँपालिका

क) रकु लुईआटा सडक निर्माण वडा नं. २,३ र ५

धर्मजित बहादुर शाही
समन्वय प्रमुख

जिल्ला समन्वय समिति मान्म, कालीकोट २०७३

ख) लाटा बडी मालिका सडक निर्माण वडा नं. ८ र ९

ग) कोलि वगर पक्की पुल निर्माण

घ)सान्नी त्रिवेणी गाउँपालिका वडा नं ५ को कार्यालय देखि गहताडि सम्म पहिरो रोकथामका लागि तटबन्धन योजना माग

**३.शुभकालिका गा.पा**

क) खाँडाचक्र ५ पाईतेपाटा देखि शुभकालीका ८ देवल डाडाँ झु.पु

ख) छाति भर्ता शुकाटिया किमेडिखान सम्म सडक निर्माण

ग) कुमालवाडा तटबन्धन – शुभकालिका ५

**४. महावै गाउँपालिका**

क) घट्टेगाड-गेला-कुनी-राम्नी हुँदै पादमघाट जोड्ने सडक निर्माण

ख) नेपालगञ्ज- सुर्खेत-दैलेख बजार-महावुलेक-गाल्जे-भातडि रतडा-नाग्म-गमगढी-नाक्चेनाग्ना स्तरोन्नती गर्न सडक विभागमा पहल गर्ने,

ग) पान्तडि पक्की पूल ठेक्का लागेको लामो समय भएको हालसम्म कुनैपनी प्रगति नभएकोले सडक विभाग पूल महाशाखालाई ध्यानकार्षण गर्ने,

**५.रास्कोट नगरपालिका**

क) बसन्तपुर देखि देउरापाटन हुँदै छत्तडि सम्म पर्यटकिय सडक आयोजना निर्माण - रास्कोट ४

ख) वडा नं १ देखि वडा नं ९ सम्म रिङ्ग रोड ग्राभेल

**६.पलाता गाउँपालिका**

क) भदे कर्णाली नदि मोटरेवल पक्की पूल - पलाता वडा नं २

ख)ओदि राफाडाडा सम्म सडक स्तोरन्नति

**७.पचालझरना गाउँपालिका**

क)सिकु जिम्जेडि सडक निर्माण

ख)पडेक्षा लाटुरे झो.पू. निर्माण, पालिकाकेन्द्र देखि वडा नं ९ सम्म

**८.खाँडाचक्र नगरपालिका**

क) मान्म हुदै जिम्जेडि सडक निर्माण

धर्मजित बहादुर शाही
समन्वय प्रमुख

ख)नगरस्तरिय अस्पताल निर्माण - खाँडाचक्र ६
ग)चौर हुदै रेंगिल जोड्ने सडक निर्माण खाँडाचक्र

९. तिलागुफा नगरपालिका

क) नाग्म मेलसेरा हुँदै बझेडिचौर सडक निर्माण स्तोरनन्नती
ख) छाप्रे देखि वडा नं ९ प्याउरिकोट सम्म भोलुङ्गे पूल निर्माण
ग) ओखरभिट्टा जिरो प्वाइन्ट देखि छाप्रे वडा कार्यालय सम्म सडक स्तोरन्नती भैसिगौडा पक्कि पूल निर्माण

निर्णय नं ४ कालीकोट जिल्लाको समृद्धिको रुपरेखा कोर्ने जिल्लाभरका तपसिल बमोजिमका बृहत योजनाहरु संघ सरकार एवं प्रदेश सरकारसँग आवश्यक बजेटका लागि मागका गर्न एकिकृत ढंगबाट आवश्यक पहल गर्ने निर्णय गरियो ।

तपसिल

१. सुनथराली विमानस्थल जोड्ने यान्त्रिक पुल वा केबुलकार, पोड वे जस्ता आधुनिक यातायातका प्रविधि प्रयोग गरि सदरमुकाम जोड्न आवश्यक पहल गर्ने,

२. पर्यटन प्रवर्द्धनका लागी जिल्लाका महत्वपूर्ण पर्यटकिय क्षेत्रहरु बडिमालिका, पचालझरना, चुलिमालिका, पिलि युद्ध पर्यटकिय क्षेत्र, महावै रुडुबन्चु, खेस्माको पूर्वाधार विकास गर्ने,

३. पर्यटकिय स्थल पिलि देखी गेला जोड्ने झोलुङ्गे पूल आयोजना निर्माण,

४. जिल्लाममा खेलाडी उत्पादन गर्न ट्रेनिङ्ग सेन्टर,खेलकुद प्रशिक्षण प्रतिष्ठान निर्माणका लागि भलिबल संघका केन्द्रिय उपाध्यक्ष ऐन शाहीलाई पहलको जिम्मा दिने ,

५. जिल्लामा रहेको प्रतिमा चोकसहितलाई थप व्यवस्थित र हरियाली बनाउन पञ्चदेवल कोटदरबार, लुवारेकोटे लाई पर्यटन प्रवर्धनका लागि आवश्यक पहल गर्ने,

६. जिल्लाभरि स्वच्छ खानेपानी व्यवस्थापन गर्दै एक घर एक धाराको अभियानलाई व्यवहारिक रुप दिई सहयोगका लागी आवश्यक पहल गर्ने,साथै सदरमुकाममा सार्वजनिक खानेपानी र शौचालय को व्यवस्थापन मिलाउने,

७. एक पालिका एक खेल मैदान अन्तर्गत खाँडाचक्र नगरपालिका वडा नं ६ स्थित थोरे रङ्गशाला निर्माणका लागि पहल गर्ने,

८. कालिका मा.वि. डाडाँखेत विद्यालयमा नमुना मिनि फुटवल मैदान निर्माण योजना माग गर्ने – सान्नीत्रीवेणी गा.पा वडा नं ५

९. कालीकोट जिल्लामा दाहसंस्कारलाई व्यवस्थित बनाउने सन्दर्भमा लालीघाट दोनाक्चामा विद्युतिय शव दाहगृह निर्माण गर्ने कामलाइ जोड्नुका साथै भौतिक पूर्वाधार निर्माण गर्ने खाँडाचक्र २

१०. जिल्लामा बहुआयमिक बृहत रङ्गशाला पञ्चदेव मावि मान्मको स्वामित्वमा रहेको जमिन लाई केन्द्र बनाई जिल्ला स्तरिय खेल मैदानका लागि आवश्यक सहयोगका लागि पहल गर्ने,

११. जिल्ला समन्वयको मातहतमा रहेको खुला मन्चलाई व्यवस्थित गरि बहुआयमिक उपयोगि मिनि खेलमैदान तथा पुस्तकालय भवन निर्माणका लागि माग गर्ने,

१२. कालीकोट जिल्लाको सिमा भित्र पर्ने बडिमालिका मन्दिर र जिउली त्रिवेणी पाटनमा कर्णाली प्रदेश सभाबाट भौतिक संरचनाहरु निर्माणधिन अवस्थामा रहेकोले हाल उक्त स्थानमा बाजुरा जिल्लाले आफ्नो भूमि दावी गरेको हुनाले परापूर्व कालदेखि धार्मिक तथा ऐतिहासिक पर्यटकिय, उपभोग, चरिचरन लगायत सम्पूर्ण रुपले यो कालीकोट जिल्लाको सान्नी त्रिवेणी गाउँपालिकामा नापी नक्सा प्रस्ट देखिएकोले सोहि स्थानमा बनिरहेको भौतिक संरचनाहरुको निर्माण कार्य सम्पन्न भैसकेपछि सम्बन्धित पालिकालाइ हस्तान्तरणको लागि सिफारिस गर्न आवश्यक पहल गर्ने,

१३. कालीकोट जिल्लाको कर्णाली राजमार्गका जितेगाड, नयाँबजार, सुनारखोला, चौड अस्पताल, मान्म जिरोप्वाइन्ट, तेस्रो बजार, पिली,, सेरावाडा, बालिघाड, गाल्जे, राँचुली, नाग्मघाट स्थित यात्रु विश्राम कक्ष(प्रतिक्षालय) र सो क्षेत्रमा सडक बत्ति निर्माणका लागि आवश्यक पहल गर्ने,

१४. तिला कर्णाली बहुमुखि क्याम्पसको फिल्ड निर्माण तथा घेरवारका लागि माग गर्ने ।

१५. जिल्ला समन्वय समितिको मातहतमा रहेको नयाँ अतिथि गृहभवनको आँगन भत्की भवन समेत जोखिममा रहेको हँदा ग्याविन वाल सहित आँगन मर्मत गर्न माग गर्ने ।

<u>निर्णय नं ५</u> कालीकोट जिल्ला पूर्ण खोपयुक्त जिल्लाको रुपमा २०७९/०३/३० मा घोषणा भैसकेको सन्दर्भमा पूर्ण खोप सुनिश्चितता निर्देशिका २०७१(तेस्रो संशोधन २०७७) अनुसार हरेक वर्ष वैशाख महिना लाई पूर्ण खोप सुनिश्चितता प्रमाणिकरण गर्ने महिनाको रुपमा मनाउनुपर्ने भएकोले सो सम्बन्धित क्रियाकलापहरु सञ्चालन गरी वडा पालिका र जिल्लालाई पूर्ण खोप सुनिश्चितता प्रमाणिकरण एवं घोषणा गर्ने निर्णय गरियो ।

<u>निर्णय नं ६</u> कालीकोट जिल्ला अस्पतालमा विशेषज्ञ चिकित्सकको दरबन्दी ३ जनाको रहेपनि हाल १ जना पनि पूर्ति नरहेको सन्दर्भमा दरबन्दी अनुसारका विशेषज्ञ चिकित्सकको व्यवस्था गर्न दरबन्दी पदपूर्तिका लागि संघीय सरकार र प्रदेश सरकार सँग माग गर्न आवश्यक पहल गर्ने निर्णय गरियो । साथै दरवन्दि पूर्ति नहुँदा सम्म कालीकोट जिल्लाका ९ वटै स्थानिय तहसँग आवश्यक समन्वय एवं सहजिकरण गर्ने निर्णय गरियो ।

<u>निर्णय नं ७</u> स्थानीय तह र जिल्ला समन्वय समिति बीचको कार्यगत समन्वय तथा नियन्त्रणलाई व्यवस्थित र प्रभावकारी बनाउन नेपाल सरकारले तयारी गरेको स्थानीय तहको सफ्टवेयरमा आधारित मूल्याङ्कन प्रणाली

स्थानीय तहहरुको संस्थागत क्षमता स्वमूल्याङ्कन(LISA), वित्तिय सुशासन जोखिम मूल्याङ्कन(FRAP) र स्थानीय आर्थिक विकास मूल्याङ्कन(LED) लाई पूर्ण रुपमा कार्यान्वयन गरि सुशासन प्रवर्धन गर्ने निर्णय गरियो ।

निर्णय नं ८ राज्यले शिक्षामा गरेको लगानीको समग्र परिस्थितिलाई मध्यनजर गर्ने हो भने कालीकोट जिल्लाको शैक्षिक अवस्था खस्किदो रहेको र शिक्षामा गुणस्तर कमजोर भएका कारण शिक्षामा प्रभावकारीता ल्याउन सकिएको छैन । सिपमुलक शिक्षा डिजिटल शिक्षाको माध्यमबाट विद्यालयमा प्राविधिक शिक्षां , विद्यार्थिको अवस्थितिलाई तुलानात्मक ढँगले वृद्धि गरी शिक्षामा गरेको लगानीले आवश्यक प्रतिफल दिलाउन लिकालेसम्पूर्ण पा रणनितिक ढंगबाट अगाडी बढ्दै मावी तहको परिक्षा प्रणालीमा सुधार ल्याउन सबै एकिकृत ढंगबाट जोड गर्नुपर्ने निर्णय गरियो ।

निर्णय नं ९ प्रकृति रहे मानिस रहन्छ मानिस रहे विकास सम्भव छ । तथापि पनि वातावरणिय पक्षलाई ध्यान नदिई गरिने विकास दिगो र सन्तुलित विकास हुन सक्दैन । वातावरणिय पक्षलाई समेत ध्यानमा राखी वातावरणको बचाउ गर्न जरुरी देखिन्छ । त्यसकारण स्थानीय तहले गर्ने विकासमा नागरिक सहभागितालाई अर्थपूर्ण बनाउँदै पर्यावरणिय पक्षलाई समेत जोड दिन आवश्यक छ जसका लागि सबै तह तप्काबाट आवश्यक पहल गर्ने निर्णय गरियो ।

निर्णय नं १० फोहोरमैला व्यवस्थापन गर्न नसकिदा वातावरण दुषित हुने अवस्था सिर्जना भईरहेको सन्दर्भमा पालिकास्तरले समग्र ढँगबाट फोहोरमैलालाई प्रभावकारी रुपले व्यवस्थापन र उचित ढल निकास गर्न जरुरी देखिन्छ अन्यथा विभिन्न स्वास्थ्यगत समस्या देखा पर्ने स्थिति रहि गुणस्तरी जिवनयापन गर्न कठिन हुन्छ जसका लागि स्थानिय पालिकाले आवश्यक पहल गर्ने निर्णय गरियो ।

निर्णय नं ११ मान्म बजार स्थित पानीको मुख्य टड्कारो समस्याको रुपमा रहेको छ यसका लागी सम्बन्धित निकायले पहलकदमि लिने र सहज ढंगबाट खानेपानि व्यस्थापन गर्दै वृक्षारोपण कार्यक्रमलाई प्रभावकारी ढंगबाट अगाडि सार्नु पर्ने निर्णय गरियो ।

निर्णय नं १२ मान्म बजारको व्यवसाय दिन प्रतिदिन घट्दै गइरहेको सन्दर्भमा मान्म बजार भित्रका पसलहरुलाई रातिको ११ बजे सम्म र होटल लजलाई रातिको समयमा पनि खुला गर्ने व्यवस्था मिलाउने साथै पालिका एवं सरकारी निकायबाट खरिद हुने मालसामानमा कम्तिमा जिल्ला,भित्रका व्वयसायलाई प्राथमिकता दिनुपर्ने र कालीकोट जिल्लामा सूचना तथा सञ्चारमा आवद्ध रेडियो एवं सञ्चारमाध्यमलाई विज्ञापनमा पहिलो प्राथमिकता दिनु पर्ने साथै व्यवसायलाई प्रव्रधन गर्न जिल्लामा कम्तिमा मेला महोत्सव लगायतका कार्यक्रम सञ्चालनका लागि सम्बन्धित निकायमा आवश्यक पहल गर्ने निर्णय गरियो ।

धर्मजित बहादुर शाही
समन्वय प्रमुख

निर्णय नं १३ पालिकाले बजेट विनियोजन गर्दा लक्षित वर्गको सशक्तिकरण प्रतिनिधित्व र समानुपातिक , समावेशी सिद्धान्तलाई आत्मसाथ हुने गरि स्थानीय तहले बजेट व्यवस्था अनिवार्य गर्नुपर्ने निर्णय गरियो ।

निर्णय नं १४ जिल्लामा सार्वजनिक सेवा प्रवाहलाई सहज, सरल, छिटो छरितो तुल्याउन नागरिकमा सार्वजनिक सेवा प्रवाहको प्रत्याभूति गराउन सेवालाई प्रभावकारी तुल्याउन कम्तिमा करदाता सेवा कार्यालय , सडक डिभिजन कार्यालय र भवन डिभिजन कार्यालय स्थापनाका लागी सम्बन्धित निकायमा माग गर्ने निर्णय गरियो ।

निर्णय नं १५ जिल्लामा सुशासन कायम गर्न कम्तिमा कानूनी प्रक्रिया, नीति तथा कानूनका सम्बन्धमा जानकार हुन आवश्यक छ । जसका लागि पालिकाको संस्थागत क्षमता एवं आन्तरिक क्षमता अभिवृद्धिमा विकास गर्न तथा सामाजिक न्याय कायम गरी समानता कायम गर्न समुदायमा पछाडि परेको लक्षित वर्ग, द्वन्द पिडितको क्षमता अभिवृद्धिका लागि जिल्लामा तालिम, गोष्ठि कार्यक्रम सञ्चालन गर्न प्रत्येक पालिकाले क्षमता विकास कार्यक्रमका लागि सम्बन्धित निकाय संघ, प्रदेश सँग बजेट माग गर्ने र पालिकाबाट १ प्रतिशत बजेट सुनिश्चितता गरि जिल्ला समन्वय समितिको मार्गदर्शनमा खर्चिने गरी आवश्यक व्यवस्था मिलाउने निर्णय गरियो ।

निर्णय नं १६ विकास साझेदार संस्थाहरुले स्थानिय स्तरमा विभिन्न क्षेत्रमा काम गरिरहेको सन्दर्भमा विकास साझेदार संस्थाले निर्माण गरेका पूर्वाधार विकास एवं संस्थागत विकासलाई दिगो रुपमा सुनिश्चित गर्न स्थानीय पालिका एवं आम नागरिकको अपनत्वको आभासको विकासका लागि आवश्यक पहल गर्ने साथै गैर सरकारी संघ संस्थालाई सरकारको सहयोगी निकायका रुपमा सन्तुलित विकासमा उत्प्रेरित गरी काम गर्ने वातावरण सिर्जना गर्दै प्रभावकारी विकासमा खट्न लगाउने वातावरण सिर्जनाका लागी आवश्यक पहल निर्णय गरियो ।

निर्णय नं १७ स्थानीय पालिकाले सुशासन प्रवर्द्धन गर्न सार्वजनिक सुनुवाई सार्वजनिक परिक्षण लगायतका , सुशासनका अवयवहरुको प्रयोगलाई कानूनी ढँगबाट निरन्तरता दिइ सुशासनको प्रत्याभूति गर्नुपर्ने निर्णय गरियो ।

निर्णय नं १८ नेपाल कृषि प्रधान मुलुक हो । सो अन्तर्गत कालीकोट जिल्ला कृषि क्षेत्रका लागी सम्भावनायुक्त जिल्ला भएकोले कृषि विशेषज्ञको सहयोगमा माटो परिक्षण गरि जिल्लाको १० वर्षे रणनैतिक गुरुयोजना तयार गर्ने, ग्रिन सिटि अर्थात हरियाली कालीकोट बनाउन आगलागि नियन्त्रण तथा वृक्षारोपण कार्यक्रमलाई प्रभावकारी बनाउन सम्बन्धित निकायसँग आवश्यक पहल गर्ने निर्णय गरियो ।

धर्मराज बहादुर शाही
समन्वय प्रमुख

निर्णय नं १९ फुकोट हाइड्रोपावर जस्तो जिल्ला वासीको लागि गौरवको आयोजनामा जनताको लगानी सुनिश्चित गर्ने व्यवस्था सँगै लक्षित वर्गलाई निशुल्क सेयरका लागी नेपाल सरकारलाई अनुरोध गर्ने साथै जिल्लाका अन्य गौरवका योजनाका सन्दर्भमा संघ, प्रदेश सरकारसँग आवश्यक समन्वय गर्न पहल गर्नुपर्ने निर्णय गरियो ।

निर्णय नं २० जिल्ला स्तरमा रहेका अति विपन्न महिलाहरु र एकल महिलाको आर्थिक विकास मा टेवा पुर्याउन सिप अभिवृद्धि गराई उद्योग स्थापना गरी उद्यमी बनाई रोजगार सृजनका लागि सम्बन्धित निकायमा पहल गर्ने निर्णय गरियो ।

निर्णय नं २१ जिल्ला समन्वय समिति, कालीकोटको नाममा रहेको खाँडाचक्र नगरपालिका वडा नं १, साविक मान्म गा.वि.स. वडा नं ५, कि.नं. १२१३ क्षेत्रफल २२९० वर्गमिटरको जग्गा नेपाल सरकार (मन्त्रिपरिषद) को मिति २०७८/०९/०१ को निर्णयानुसार खाँडाचक्र नगरपालिकाको नाममा हक हस्तान्तरण भई मालपोत कार्यालयबाट समेत जग्गाधनी दर्ता प्रमाण पुर्जा तयार भईसकेको हुदाँ उक्त जग्गामा जिल्ला समन्वय समितिको एक तले छ कोठे भवन हालसम्म कार्यालयकै जिन्सी श्रेस्तामा रहेको र सो भवन हस्तान्तरण नभएकोले खाँडाचक्र नगरपालिकाको कार्यालयको च.नं. १२८३, मिति २०८०/११/२३ गतेको पत्र बमोजिम उक्त जग्गामा रहेको भवन हस्तान्तरण गरिदिनुहुन भनि लेखि आए अनुसार उक्त जग्गामा रहेको १ तले भवन खाँडाचक्र नगरपालिकाको नाममा रहने गरी जिन्सी श्रेस्ताबाट हक हस्तान्तरण गर्ने र त्यसको लागि आवश्यक प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

निर्णय नं २२ खाँडाचक्र नगरपालिकाको मिति २०७८/०३/११ गतेको नगर सभाको निर्णय र खाँडाचक्र नगरपालिकाको च.नं. १२९०, मिति २०८०/११/२४ गतेको प्राप्त सिफारिस पत्र बमोजिम खाँडाचक्र नगरपालिका वडा नं २ स्थित तिला नदी पारी पोरीपालनी भन्ने स्थानको गाउँ/टोल भौगोलिक तथा जनसांख्यिक हिसावले ठूलो हुनुको साथै तिला नदिले समेत काटेको हुदाँ उक्त वडालाई खाँडाचक्र नगरपालिकाको अर्को छुट्टै एक (१) वडा थपका लागि जिल्ला सभावाट सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं. २३ कालीकोट जिल्ला प्रदेश निर्वाचन क्षेत्र (ख) अन्तरगत रहेको रास्कोट नगरपालिकामा जिल्ला स्थित सर्वदलिय सर्वपक्षिय बैटकद्धारा निर्णय भई ईलाका प्रशासन कार्यालयको स्थापना गर्ने सम्पुर्ण प्रक्रिया पुरा भईसकेको हुँदा सो ईलाका प्रशासन कार्यालय स्थापनाका लागि आवश्यक प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।